**Lesli C. Myers-Small, Ed.D.**
Superintendent of Schools
Rochester City School District
131 West Broad Street
Rochester, New York 14614
lesli.myers-small@rcsdk12.org
www.rcsdk12.org

अगस्त ६,२०२१

प्रिय रोचेस्टर सिटी स्कूल जिल्लाका विद्यार्थीहरु र परिवारहरु,

मलाई आशा छ कि तपाइँ परिवार र साथीहरुसंग गर्मी मौसममा  रमाईलो गर्नुहुदैछ। हाम्रा सबै बिद्यार्थीहरु, परिवारहरु, र कर्मचारीहरुलाई सेप्टेम्बरमा स्कूलहरुको एक सफल उद्‌घाटनको लागी तैयार बनाउन र  बिद्यार्थी कार्यक्रमको निर्माण सहित, स्कूल भवनहरु को तयारी, कर्मचारी संगठन, यातायात  मार्गको समन्वय, र अधिक कुराहरु सुनिश्चित गर्नको लागी काममा व्यस्त छौं।

स्कूलको पहिलो दिन बुधवार, सेप्टेम्बर ८ हो, जहाँ हामी व्यक्तिगत निर्देशमा हप्ताको पाँच दिन फिर्ता हुनेछौं। केवल आवेदन र एक चिकित्सा छूटको लागी अनुमोदित गरीएको विद्यार्थीहरुलाई घरबाट टाढाको निर्देशन प्राप्त हुनेछ। कृपया हामीसंग जुम मार्फत अभिभावक फोरमको लागी शनिवार, अगस्ट २१, बिहान १० बजे देखि १०:३० बजे सम्म भेट्नुहोस्, जहाँ हामी २०२१-२०२२ शैक्षिक बर्षको शुरुवातमा अधिक जानकारी प्रदान गर्नेछौं। दर्ता गर्नको लागी लिंक www.rcsdk12.org/forum हो।

यस हप्ता, हामीले थाहा पायौं कि न्यूयोर्क राज्यले अर्को महिना स्कूलहरु खोल्नको लागी मार्गदर्शन जारी गर्ने छैन। रोचेस्टर सिटी स्कूल जिल्ला (च्स्र्द) तयारी र योजनाको आधारको रूप मा रोग नियन्त्रण केन्द्र (CDC) दिशानिर्देशहरुको उपयोग गरीरहेको छ। हाम्रो योजना मा निम्न मापदण्ड समावेश हुनेछ:

- खोप लगाएको र खोप नलगाएको सबै विद्यार्थी र कर्मचारीहरुको लागी स्कूल भवन भित्र मास्क चाहिन्छ।
- कक्षा कोठा, क्याफेटेरिया, र अन्य साझा रिक्त स्थानमा अधिकतम दूरी राख्नु पर्छ।
- स्क्रीनिंग परीक्षण, भेन्टिलेसन, हात धुने, बिरामी हुँदा घरमा बस्न, संगरोध र अलगावसंग संयोजन ट्रेसिंग, र सफाई र कीटाणुशोधन सहित रोकथामको महत्वपूर्ण तहहरुको उपयोग गर्नुहोस्।
- परिवारले प्रत्येक दिन विद्यालय आउनु भन्दा पहिले बच्चाको दैनिक तापक्रम जाँच सहित कोभिड-१९ लक्षणहरुको लागी स्क्रीनिंग गर्नु पर्छ,  किनकि विद्यार्थीको तापक्रम जाँच अब विद्यालयमा हुने छैन।

यदि तपाइँ पहिले नै त्यसो गर्नुभएको छैन भने, म तपाइँलाई सकेसम्म चाँडो पूर्ण खोप लगाउन प्रोत्साहित गर्दछु। कोभिड-१९ खोप नियुक्तिहरु मोंरो काउन्टी खोप साइटहरुको माध्यमबाट ती उमेर १२  र माथीको लागी सजीलै उपलब्ध छन्। www.monroecounty.gov/health-covid19 मा जानुहोस् वा ५८५-७५३-५५५५ मा फोन गरी भेटघाटको समय तालिका बनाउनुहोस्।

तपाइँको निरन्तर समर्थन र सहयोगको लागी धन्यवाद। मलाई आशा छ कि तपाइँ एक शान्तिपूर्ण, सुरक्षित, र खुशीको गर्मी मौसमको आनन्द लिनुहुन्छ, र हामी सबै सेप्टेम्बरमा तपाइँलाई भेट्नको लागी तत्पर छौं!

भवदीय,

डाक्टर लेस्ली सी.मायर्स-इश्मल
विद्यालयहरुको सुपरिटेन्डेन्ट
-Nepali/8-2021